**Redundancy 1967 - 1972**

Following the Borneo Confrontation from 1963 to 1966, the Brigade of Gurkhas moved to Hong Kong. As part of that process they had to reduce in size and therefore a redundancy programme was put in place between 1967 and 1972. Pensions were paid to all those with at least 10 years' service by virtue of three years credit of service. This meant that those with 12 years' service got a full 15 year pension, and those with 10 and 11 years' service got 13/15ths or 14/15ths of a 15 year pension.

Gurkhas selected for redundancy who had less than 10 years' service did not qualify for a pension, but were given a capital lump sum. It has been argued by some Gurkha veterans' organisations that this group should be given preserved pensions. However, it would be against long standing Government policy to give a service pension entitlement to these Gurkhas for the reasons of retrospection and also because it would be unfair in comparison with British Army veterans with the same amount of service who also receive nothing.

**१९६७ देखि १९७२ को बिचमा भएको कटौतीको सम्बन्धमा**

१९६३ देखि १९६६ मा भएको बोर्नियो कन्फ्रन्टेशन पश्चात, ब्रिगेड अफ गोर्खाजको स्थानान्तर हङकङ तिर भयो। त्यसको प्रकृया स्वरुप ब्रिगेड्को आकार सानो हुनुपर्ने भयो, जसका लागि १९६७ देखि १९७२ बिचमा कटौतीका योजनाहरु कार्यान्वयन भए। सो योजना अन्तर्गत १० बर्ष सेवा गरेका सबैलाई तीन बर्षको क्रेडिट दिई पेन्शन दिलाईएको थियो। जसले गर्दा १२ बर्ष सेवा गरेकाहरुले १५ बर्षको पूर्ण पेन्शन पाउन सफल भए भने १० बर्ष सेवा गरेकाले १५ को १३ भाग अनि ११ बर्ष गरेकाले १५ को १४ भाग पेन्शन पाउन सफल भए।

गोर्खाहरु जो १० बर्ष भन्दा कम सेवा गरेका थिए, उनीहरुले पेन्शन पाएनन् तर एक मुष्ट रकम (capital lump sum) पाएका थिए। यस् समुहले पनि प्रिजर्व्ड पेन्शन पाउनु पर्ने केही भुपु संगठनहरुले जिकिर गरेका छन्। तर त्यसो गर्दा बिगतमा चालू स्किम अन्तर्गत तत अवस्थामा प्रचलित पेन्शन सम्बन्धी नियमहरुमा फेरबदल नल्याउने भन्ने सरकारको दीर्घकालिन नीति बिपरित हुन जानेछ। साथै सो कुरा, सेवा निबृत्त ब्रिटिश सैनिकहरुका लागि विवेधपूर्ण हुन जानेछ, किनभने गोर्खा सैनिकहरु जति नै सेवा अवधी पूरा गरेका उनीहरुले कुनै किसिमको पेन्शन सुबिधा पाउदैनन्।